

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ३० गते आइतबार ❑ 14 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नेपाली भाषालाई लोकप्रिय र साझा बनाउन भानुभक्तको महत्वपूर्ण भूमिका: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषालाई लोकप्रिय र साझा भाषा बनाउन महत्वपूर्ण योगदान दिएको बताउनुभएको छ।



आदिकवि भानुभक्तको २११ औं जन्मजयन्तीका अवसरमा भानु वाङ्मय प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानले पोखरामा आयोजना गरेको भानु विशेष समारोहमा प्रमुख अतिथि भट्टले नेपाली भाषाका आदिकवि भानुभक्तलाई सबैले स्मरण गर्नुपर्ने बताउनुभयो । भानुका कृति सामाजिक कल्याणका लागि समर्पित,जातीय एकताका प्रतीक र क्रान्तिका मुख्य आधार मान्न सकिने भन्दै उहाँले आदिकवि भानुभक्तले नै छरिएर रहेको नेपाली भाषालाई एकीकरण गर्ने काम गरेको उल्लेख गर्नुभयो ।

'नेपाल राष्ट्रलाई भावनात्मक रूपले एकीकृत गर्न र नेपालीपनको पहिचान गराउन भानुको महत्वपूर्ण योगदान रहेको छ । उहाँका सिर्जनाबाट नेपाली भाषाको उन्नयन, प्रवर्द्धन र मानकीकरण भई नेपाली राष्ट्रियतालाई बलियो पार्नमा सर्वोपरि योगदान पुगेको छ ।' भट्टले भन्नुभयो - 'भानुभक्तको सबैभन्दा ठूलो योगदान वाल्मिकी रामायणलाई संस्कृतबाट नेपालीमा अनुवाद गरेर ठूलो जनसंख्यामा पुऱ्याउनु रहेको छ। नेपाल र विश्वभरका नेपालीभाषी रहेका क्षेत्रमा हाम्रो भाषा तथा साहित्य फैलाउन सेतु बन्नुभएको छ।'

आजको दिन साहित्यिक, सांस्कृतिक, शैक्षिक तथा सामुदायिक संस्थाहरूले आदिकवि भानुभक्तको सम्झनामा विभिन्न कार्यक्रम गरिरहेको र यस्ता उत्सवले युवा पुस्तामा साहित्यिक भोक जगाउने र भाषाप्रति सम्मान तथा नेपाली भाषाप्रति गौरव बढाउन मद्धत पुग्ने विश्वास प्रदेश प्रमुख भट्टको छ । आदिकवि भानुभक्तसँग जोडिएका विभिन्न ठाउँहरुलाई जोडेर साहित्य पर्यटनको माध्यमबाट अगाडि बढ्न सके मुलुकको समृद्धिमा सहयोग पुग्ने भन्दै भट्टले हामी आफ्नो मातृभाषाको शक्ति एवं महत्व जगाउन र आदिकविको विरासतलाई संरक्षण गर्दै अगाडि बढाउन आ-आफ्नो ठाउँबाट दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उक्त अवसरमा प्रदेश प्रमुख भट्टले पृथ्वी नारायण क्याम्पसमा नेपाली विषयमा सर्वोत्कृष्ट विद्यार्थी रामबहादुर कुमाल र नेपाली विषयमा लामो समय पढाउनुभएकी पोखरा २६ स्थित लक्ष्मी माविकी शिक्षिका ईश्वरीकुमारी जिसीलाई आयोजकका तर्फबाट नगदसहित सम्मान गर्नुभएको थियो । यस्तै, भानु वाङ्मय प्रतिष्ठानको भवन निर्माणका लागि सहयोग स्वरुप प्रदेश प्रमुख भट्टले व्यक्तिगत रूपमा नगद २० हजारको चेक स्वकीय अधिकृत ललित ओझामार्फत् प्रतिष्ठानका अध्यक्ष साहित्यकार सरुभक्तलाई प्रदान पनि गर्नुभयो । आदिकवि भानुभक्त आचार्यको जन्म गण्डकी प्रदेशको तनहुँ जिल्ला, चुँदी, रम्घा गाउँमा २ सय ११ वर्ष अघि २९ असार १८७१ मा भएको थियो । भानु जयन्ती सांस्कृतिक र साहित्यिक महोत्सवका रूपमा मनाइने गरिन्छ । नेपाल मात्र होइन, नेपाली भाषी जहाँ जहाँ पुगेका छन्, नेपालीभाषी समुदायमा उत्साहका साथ मनाइँदैछ । भानुभक्तले आफ्नो ५४ वर्षको जीवन अवधिमा 'रामायण' लगायत 'भक्तमाला', 'प्रश्नोत्तर', 'बधूशिक्षा', 'रामगीता' र ३ दर्जनभन्दा बढी फुटकर कविता सिर्जना गरेर नेपाली साहित्यको जग बलियो बनाएका छन् ।

## पोखरामा तरकारीको मूल्य आकासियो

पोखरापत्र संवाददाता
पोखरा, २९ असार



पोखरामा यति वेला हरियो तरकारीको मूल्य आकासिएको छ।

पोखरा सहित देश भर केही दिनदेखि परेको अविरल बर्षाको कारण विभिन्न राजमार्गमा सडक अबरुद्ध हुँदा तरकारीको मुल्यमा २५ देखि ५० प्रतिशतसम्म मुल्य बृद्धि भएको स्थानिय व्यवसायीहरुले बताउनु भयो ।

केही दिन देखि बर्षा हुदा कास्की भन्दा बाहिरी जिल्लाबाट आउने तरकारी आयातमा कमी आएको कारण बजारमा तरकारी कम भएकोले गर्दा पनि तरकारीको मुल्य अस्वाविक रुपमा मुल्य बृद्धि भएको एक व्यावसायी देविकुमारी बस्यालले बताउनु भयो । स्थानिय उत्पादन निकै कम हुदाँ बजारमा हरियो तरकारी हाल अभाव जस्तै भएको हुदा मुल्य ५० प्रतिशत भन्दा बढी भएको उहाँले दाबी गर्नु भयो ।

पोखरा प्रर्स्याङका नरबहादुर लामिछाने शनिबार पोखरा पृथ्बीचोकमा तरकारी खरिद गर्नु भएको थियो । केही दिन अघिको तुलनामा हाल पोखरामा हरियो तरकारी २५ देखि ५० प्रतिशतसम्म मुल्य बृद्धि भएको उहाँले जनाउनु भयो। पोखरामा हाल प्रतिकेजी काउली १ सय २०, प्रतिकेजी बन्दा १ सय, प्रतिकेजी लौका १ सय, प्रतिकेजी घिरौला १ सय ५०, टमाटर १ सय ४०, प्रतिकेजी धनिया ७ सयमा बिक्रि भएको छ । पोखरामा हाल धार्दिङ, नवलपुर, चितवन, तनहुँ सहित भारतबाट समेत तरकारी आउने गर्दछ। पोखरा शान्ति वनवाटिका कृषि उपज बजार भने शनिबार बन्द रहेको छ।

## नयाँ प्रधानमन्त्रीको नियुक्ति आइतबार र शपथ सोमबार

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ प्रधानमन्त्रीको नियुक्ति आइतबार गर्नुहुने भएको छ।

उहाँले नयाँ सरकार गठनका लागि तोक्नुभएको समयसीमा सकिएपछि प्रधानमन्त्रीको नियुक्ति र शपथको प्रक्रिया अघि बढाउनुहुने उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि आइतबार असार ३० अपराह्न ५ बजेभित्र आफ्नो दाबी पेस गर्न शुक्रबार आह्वान भएको गर्नुभएको थियो । सो आह्वानअनुसार नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसको समर्थनमा प्रधानमन्त्रीका लागि शुक्रबार नै दाबी पेस गर्नुभएको छ। राष्ट्रपति पौडेलले दाबी पेस गर्ने समय सकिएपछि आइतबार साँझ प्रधानमन्त्री पदमा नियुक्त गर्नुहुनेछ। त्यस्तै आइतबार समय ढिला हुने भएकाले सोमबार बिहान ११ बजे प्रधानमन्त्री र मन्त्रीहरूको शपथग्रहण कार्यक्रम हुने प्रेस सल्लाहकार पोखरेलले बताउनुभयो।

## एमाले अध्यक्ष ओलीको नेतृत्वमा नयाँ सरकार गठन हुँदै

रासस
काठमाडौं, २९ असार

प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दलको सहकार्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली आइतबार नयाँ प्रधानमन्त्रीका रुपमा मुलुकको कार्यकारी नेतृत्व सम्हाल्दै हुनुहुन्छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रस्तुत गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्ताव पारित नभएपछि नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको हो । नेपाली कांग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिका आधारमा अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुन लाग्नुभएको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रतिनिधिसभामा रहेका दुई वा दुईभन्दा बढी दललाई प्रधानमन्त्रीको दाबी पेस गर्न आइतबार अपराह्न ५ बजेसम्मको समय दिनु भएको छ । राष्ट्रपति कार्यालयबाट नयाँ प्रधानमन्त्री नियुक्तिका निम्ति सूचना जारी भएलगत्तै दुई दलले ओलीलाई उक्त पदमा नियुक्त गर्न दाबी पेस गरिसकेका छन् । चौथो पटक प्रधानमन्त्री हुन लाग्नुभएका अध्यक्ष ओलीलाई राष्ट्रपति पौडेलले आइतबार नियुक्त गर्नुहुने प्रबल सम्भावना रहेको दुवै दलका दोस्रो तहका केही नेताहरुले बताएका छन् । एमालेका प्रमुख सचेतक महेश वर्तौलाले राष्ट्रपति पौडेलबाट प्रधानमन्त्रीमा अध्यक्ष ओलीलाई नियुक्तिपछि सोमबारभित्रै पद तथा गोपनीयताको शपथ लिने तयारी भएको जानकारी दिनुभयो। पहिलो चरणमा सानो मन्त्रिपरिषद् गठन गर्न कांग्रेस र एमाले गृहकार्यमा जुटेका छन्। यसअघि अध्यक्ष ओली २०७२, २०७४ र २०७८ सालमा गरी तीन पटक प्रधानमन्त्री भइसक्नुभएको छ। लोकतन्त्र प्राप्तिको सङ्घर्षमा लाग्नुभएका उहाँले लामो समय निरङ्कुश पञ्चायती शासन व्यवस्थामा कारबास भोग्नुभएको थियो।

## त्रिशूलीमा बेपत्ता तीन जनाको शव फेला

रासस
चितवन, २९ असार

नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिराले बगाएका बसका बेपत्ता यात्रीमध्ये तीनजनाको शव भेटिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भेषराज रिजालकानुसार मृतावस्थामा तीनवटा शव भेटिएको छ भने दुईजनाको पहिचान खुलेको छ । पहिचान


बाँकी अन्तिम पृष्ठमा ▶▶


## भू-क्षय रोक्न गण्डकीमा १६६ योजना निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २९ असार

म्याग्दीसहित गण्डकी प्रदेशका पाँच जिल्ला कार्यक्षेत्र भएको भू-तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतमार्फत आर्थिक वर्ष २०८०/८१ मा एक सय ६६ योजना निर्माण गरिएका छन्।

म्याग्दीमा १९, बागलुङमा ४७, मुस्ताङमा नौ, पर्वतमा ४५ र स्याङ्जामा ५३ वटा नदी, बाढी र पहिरो नियन्त्रणसम्बन्धी योजना निर्माण भएको कार्यालय प्रमुख दिवाकर पौडेलले जानकारी दिनुभयो । "पुँजीगत शीर्षकमा एक सय ७३ वटा योजनाका लागि रु आठ करोड ९१ लाख ५० हजार बजेट विनियोजन भएकामा सातवटाबाहेक सबै कार्यान्वयन भए", उहाँले भन्नुभयो। ती आयोजनाबाट तीन हजार परिवार लाभान्वित भएका छन् । उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्न रु आठ करोड २७ लाख सात हजार खर्च भएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो । पहिरो, कटान र बाढीको जोखिम भएको ठाउँमा ग्याबियन पर्खाल, तटबन्ध निर्माण गर्ने, भलबाढी तर्काउने नाली निर्माण, खोल्सी संरक्षण, पोखरी निर्माण र मर्मतसम्बन्धी काम भएको छ। समग्रमा ९५ प्रतिशत भौतिक र ८८ दशमलव ९४ प्रतिशत वित्तीय प्रगति भएको उहाँले जानकारी दिनुभयो। चौध वटा पानीका मुहान संरक्षण र १३ वटा पोखरी निर्माण तथा मर्मतसम्भार गरिएका छन् । कार्यालयअन्तर्गतका नर्सरीमा ६५ हजार घाँसका बिरुवा उत्पादन गरी कृषकलाई वितरण गरिएको छ। म्याग्दीको मालिका गाउँपालिकामा दरबाङ, फूलबारी, खोप्टी, चिउरीबोट, मङ्गलाको पीपलबोट, ताराखेत, थापाचौर, सिद्धथान, रघुगङ्गाको दर्मीजा तातोपानी कुण्ड, सिजलगाउँ बाहुनबारी, धौलागिरि गाउँपालिकाको पन्थोक भूमेथान, बेनी नगरपालिकाको चिप्लेटी बस्ती र ढोल्थान दरवार संरक्षण योजना निर्माण भएको कार्यालयका सवइञ्जिनियर देवान विकले बताउनुभयो।

यसैगरी बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको मुहान संरक्षण, रघुगङ्गा-२ बुझबुझेमा पोखरी निर्माण र बेनपा-२ खबरामा सिम्ले पोखरी मर्मत भएको छ। आगामी आवका लागि म्याग्दीका १६ वटा योजनाका लागि रु ७९ हजार बजेट विनियोजन भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो । आव कूल रु १२ करोड ९० लाख बजेट प्राप्त गरेको कार्यालयमार्फत कार्यान्वयन हुने पर्वतमा ५१, बागलुङमा ४६, स्याङ्जामा ३८ र मुस्ताङमा आठ योजना छनोट भएका छन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय खेलकुद प्रतियोगिताका बिजेता खेलाडीलाई पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

गण्डकी प्रदेशका विभिन्न तीन राष्ट्रिय खेलकुद प्रतियोगिताका बिजेता खेलाडीहरुलाई पुरस्कृत गरिएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीले पोखरामा शनिबार एक कार्यक्रमको आयोजना गरी उनीहरुलाई नगदसहित पुरस्कृत एवं सम्मान गरिएको हो । बागमती प्रदेशस्तरीय राष्ट्रिय प्रतियोगिता, १४औंकेन्द्रियस्तरीयराष्ट्रपतिरनिङ्ग शिल्ड र यू-१५ विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका बिजेता १ सय ७८ जना खेलाडीहरुलाई पुरस्कृत गरिएको छ ।

खेलाडीहरुलाई गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री एवं प्रदेश खेलकुद परिषदका संरक्षक सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दु कुमार थापा, प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङ, मन्त्रालयका सचिब प्रकाश पौडेल, सदस्य सचिब श्रीधर शर्मालगायतले पुरस्कृत तथा प्रशसापत्रले सम्मान गरेका थिए । सो अवसरमा बोल्दै गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री



पाण्डेले खेलाडीहरुलाई बधाई संगै शुभकामना व्यक्त गर्दै प्रदेश सरकार खेलकुद विकासका लागि लगानी बढाउन प्रतिवद्ध रहेको जनाएका छन् । आफ्नो सिमित स्रोतहरुको अधिकतम सदुपयोग गर्दै खेलकुदको जग बलियो बनाउन गण्डकी प्रदेश सरकार अघि बढेको बताउँदै मुख्यमन्त्री पाण्डेले भने-"गण्डकी प्रदेश सरकार खेलकुदमा अधिकतम लगानी गर्दै खेलाडीहरुको जिवन शुनिश्चित गर्न प्रयासरत छ", उनले थपे-"सरकारले युवावस्थाबाटै उत्प्रेरणा जगाउन धेरै कार्यक्रमहरु अघि सारेको छं, जसको अधिकतम सदुपयोग गर्दै खेलक्षेत्रको विकासमा अघि बढनु छ ।"मुख्यमन्त्री पाण्डेले खेलकुद क्षेत्र बाट अझै पनि जिविकोपार्जन विषयमा प्रश्नहरु यथावत रहेको धारणा अघि सार्दै त्यसतर्फ वातावरण बनाउन समेत प्रदेश सरकार प्रयासरत रहेको बताउँदै गाँउ-गाँउबाट नै यूवा खेलाडी उत्पादन हुने मुल थलो भएकोले त्यसतर्फ पनि आफ्ना योजनाहरु अघि बढाउने उनले बताए । प्रदेश सरकारले मुस्ताङमा हाइ अल्टिच्यूड खेल मैदानको निर्माण कार्य अघि बढाएको जनाउँदै विभिन्न कल्याणकारी योजनामार्फत सरकार सदैव खेलाडीहरु संगै रहेको सन्देश पनि दिन चाहेको उल्लेख गरे । कार्यक्रममा आफ्ना भनाई राख्दै गण्डकी प्रदेश सरकार सामाजिक तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले खेलकुदबाट नै भविष्य छ भन्ने विषय अहिलेको प्राथमिकताको विषय रहेको उल्लेख गर्दै तीनतह बीचको सरकार खेलकुद विकासमा अघि बढेको बताए । खेलकुद अनुशासित क्षेत्र समेत भएकोले यसले सौहर्दता बढाउने संगै राष्ट्को गरिमा समेत बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए । सरकार खेलाडीहरुको मनोबल बढाउने संगै खेलक्षेत्रको विकासका लागि प्रतिवद्ध रहेको मन्त्री थापाको भनाई थियो । सो अवसरमा प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिब प्रकाश पौडेल, परिषदका सदस्य सचिव श्रीधर शर्मालगायतले आफ्ना भनाई राखेका थिए ।

पुरस्कृत हुने खेलाडीहरु मध्ये व्यक्तिगत इभेन्टतर्फ स्वर्ण, रजत र काश्य पदक बिजेतालाई क्रमश नगद रु ७, ५ र ३ हजार तथा टिम गेम्सतर्फका लाई क्रमश नगद रु ५, ३ र २ हजारका दरले पुरस्कृत गरिएको थियो ।

# पद्म नर्सिङ होम प्रा.लि.को वृहत निःशुल्क स्वास्थ्य शिबिर

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

पद्म नर्सिङ होम प्रा.लि.ले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिबिरमा ५ सय भन्दा बढिले सेवा लिएका छन् ।

पद्म नर्सिङ होम प्रा.लि.पोखरा-३, नदिपुरको आयोजना एवं पोखरा महानगरपालिका वडा नम्वर ३ को सहकार्यमा शनिबार हस्पिटल प्राङ्गणमा सम्पन्न एक दिने निःशुल्क स्वास्थ्य शिबिरबाट ५ सय भन्दा धैरै सेवाग्राहीले सेवा लिएका हुन् । कार्यक्रमका प्रमुख अतिथी पोखरा महानगरपालिका ३ का वडा अध्यक्ष प्रकाशमान उदासले बरिष्ठ नेत्ररोग विशेषज्ञ प्रा. डाक्टर सचेत प्रभात श्रेष्ठलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरेर स्वास्थ्य शिबिरको शुभारम्भ गरेका थिए । निःशुल्क स्वास्थ्य शिबिरमा ५ सय भन्दा धेरैको स्वास्थ्य परिक्षण गरिएमा १ सय ४३ जना जनरल मेडिसिन र मुटु सम्बन्धि, ९५ आँखा सम्बन्धि, ५५ जना हाडजोर्नी तथा नसारोग सम्बन्धि, ७२ जना स्त्रीरोग सम्बन्धि, ४४ जना नाक कान घाँटी रोग सम्बन्धि, ५८ जना बालरोग सम्बन्धि, ३५ जना सर्जिकल सम्बन्धी र १६ जना बाल दन्तरोग सम्बन्धि बिरामीहरुको निः शुल्क स्वास्थ्य परिक्षण गरिएको प्रा.लि. का प्रबन्ध निर्देशक नरेन्द्र बास्तोला जानकारी दिए । शिबिरमा १ सय १८ जनाका जनाको भिडियो एक्सरे, १ सय ५२ जनाको ल्याब परिक्षण, ९५ जनाको मुटुको इसिजी, र ६६ जनाको एक्सरे गरिएको थियो भने बिरामीहरूका लागि आवश्यक औसधि समेत निःशुल्क बितरण गरिएको नर्सिङ होमले जनाएको छ । शिबिरमा बरिष्ठ नेत्ररोग विशेषज्ञ प्रा. डाक्टर सचेत प्रभात



श्रेष्ठ, बरिष्ठ रेडियोलोजिष्ट डाक्टर कालु शर्मा सुबेदी, बरिष्ठ मुटुरोग बिशेषज्ञ डाक्टर नारायण गौतम, फिजिसियन डाक्टर सुदर्शन सुवेदी र डाक्टर राजेन्द्र पौडेल, बरिष्ठ स्त्रीरोग बिशेषज्ञ डाक्टर महेन्द्रराज पाण्डे र डाक्टार सरिता गुरुङ, बरिष्ठ नाक कान घाँटी रोग विशेषज्ञ डाक्टर कुलदिप नारायण अग्रहरी र डाक्टर अम्बालिका शाक्य, बरिष्ठ बालरोग विशेषज्ञ डाक्टर रामचन्द्र बास्तोला र डाक्टर राजन पौडेल, बरिष्ठ जनरल सर्जन डाक्टर ओम बहादुर कार्की, बाल दन्तरोग बिशेषज्ञ डाक्टर भावना सिग्देल, हाडजोर्नी तथा नशारोग बिशेषज्ञ डाक्टर नितेश मण्डल, मेडिकल अफिसर डाक्टर आश्ना बाटाजु, डाक्टर बिज्ञान कोइराला, डाक्टर स्वराज श्रेष्ठ लगायतका चिकित्सकको टोलीले बिरामीको स्वास्थ्य परिक्षण गरेका थिए भने प्रा.लि. मा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले उपचारमा सहजिकरण गरेका थिए। स्वास्थ्य शिबिर कार्यक्रमको शुभारम्भ गर्दै वडा अध्यक्ष उदासले स्वास्थ्य संस्थाहरुले आफ्नो सेवालाई सहज र प्रवाभकारी बनाउदै सेवामुलक रुपमा अगाडि बढ्नु पर्नेमा जोड दिए । पद्म नर्सिङ्ग होम सँगको सहकार्यमा आफ्नो वडाका नागरिकहरुलाई घरदैलोमा नै निःशुल्क उपचारको ब्यवस्था गर्न पाउदा खुसी लागेको उनको भनाई थियो । आगमी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनु पर्नेमा जोड दिदै अध्यक्ष उदासले सेवा मुलक संस्थाहरुले आफ्नो दाहित्व भुल्न नहुने बताए । पद्म नर्सिङ्ग होम प्रा.लि.पोखरा-३,नदिपुरका अध्यक्ष इन्दिरा शर्मा सुबेदीले नागरिकको सहज स्वास्थ्य सेवा आफुहरुको उदेश्य रहेको भन्दै बिपन्न र असाहय नगरिकलाई सुलभ स्वास्थ्य सेवा दिन आफुहरु प्रयत्नशिल रहेको बताईन्। प्रा.लि.का प्रबन्ध निर्देशक नरेन्द्र बास्तोलाले स्वास्थ्य संस्थाहरुको उत्तरदायित्व नाफामुलक मात्रै नभएकोले सेवा भावलाई अगाडि बढाउन आफ्नो संस्था तयार रहेको भन्दै गाउँ घरका दुरदराजमा रहेका जनता सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याउन आफुहरु लागि रहने बताए । उनले यस निःशुल्क स्वास्थ्य शिबिरमा सेवा लिएका र थप उपचार गर्नुपर्ने अवस्था देखिएका बिरामीहरूलाई विशेष छुटका साथ थप उपचार गराउने समेत बताए । गत बर्ष मात्रै न्युर ोडबाट पोखरा ३ नदिपुर स्थित आफ्नै भवनमा सरेको नर्सिङ्ग होमले आफ्ना सेवाहरुलाई थप गर्दै लाने क्रममा छिट्टै डायलसिस सेवा समेत सुरु गर्न लागेको ब्यवस्थापक नरेश पौडेलले जानकारी दिए ।

# केदारेश्वरमा हाजिर जवाफ प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

केदारेश्वर महादेवमणी सेवाश्रममा रहेको केदारेश्वर छात्र परिषद्को आयोजनामा हाजिरजवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

२११ औं भानुजयन्तीको अवसरमा कार्यक्रम भएको हो । कार्यक्रमको उद्घाटन गर्दै रेडियो सफलता प्रमुख दुर्गा अधिकारीले भानुजयन्तीको अवसरमा गुरुकुलमा रहेका छात्रहरुले हाजिरजवाफ प्रतियोगिता गरेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले यस्ता कार्यक्रमले बालकहरुको प्रतिभा प्रस्फुटन हुने बताउँदै यस्तै सकारात्मक अतिरिक्त क्रियाकलाप संचालन गर्न र भाग लिन आग्रह समेत गर्नुभयो । नेपाली साहित्य समाजमा भानुभक्तको योगदानको चर्चा गर्दै उहाँले भानुभक्तप्रति राज्यले जति श्रद्धा र सम्मान व्यक्त गर्नुपर्ने थियो त्यति हुन नसकेको बताउनुभयो । केदारेश्वर महादेवमणी सेवा



आश्रमका पिठाधिश डाक्टर चित्घन चैतन्य महाराजले विद्या र ज्ञानको चर्चा गर्दै सिक्ने पर्ने कुरा बेग्लैमा सिक्नका लागि अनुरोध गर्नुभयो । सिकाईको अन्त्य कहिल्यै नहुने भन्दै उहाँ जीवनमा असम्भव भन्ने केही नरहेको भन्दै दृष्टान्तले बटुकहरुलाई हौसला प्रदान गर्नुभयो ।

कार्यक्रममा केदारेश्वर महादेवमणी सेवाश्रमका सचिव ओमनाथ अधिकारीले यस्ता कार्यक्रमले बालकको प्रतिभा प्रस्फुटन हुने बताउँदै समितिले जहिले पनि साथ सहयोग गर्न तयार रहेको बताउनुभयो ।

केदारेश्वर महादेवमणी सेवाश्रमका पिठाधिश डाक्टर चित्घन चैतन्य महाराजको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत मनतव्य छात्र परिषद्का उपाध्यक्ष पुष्पराज न्यौपाने तथा कार्यक्रमको उदेश्यबारे जानकारी परिषद्का अध्यक्ष तथा कार्यक्रमका संयोजक प्रज्ज्वल पोख्रेलले दिनुभएको थियो । परिपद्का सचिव सुभाष पौडेल र उत्तम दवाडीले संचालन गरेको कार्यक्रममा गौरव अधिकारी, माधव खनाल, रामेश्वर फुयालले कविता बाचन गर्नुभएको थियो । हाजिर जवाफ प्रतियोगितामा ७ वटा समुहले भाग लिएका थिए । सहभागी मध्ये गौरीशंकर समुह प्रथम, अन्नपूर्ण समुह द्धितिय, मकालु समुह तृतीय तथा जुगल समुह सान्त्वना भएका छन् ।

# कर्म-कर्ण आदिवासी जनजाति पत्रकारिता पुरस्कारबाट सारु मगर सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

यस वर्षको कर्म-कर्ण आदिवासी जनजाति पत्रकारिता पुरस्कार -२०८१ बाट अग्रज पत्रकार खेम सारु मगर सम्मानित भएका छन् ।

तमु धिं नेपालका संस्थापक अध्यक्ष कर्म तमुद्वारा वैवाहिक वर्ष गाठको अवसरमा स्थापित तथा फोनिज कास्की मार्फत सञ्चालित सो पुरस्कारबाट शनिबार सारुमगर सम्मानित भएका हुन् । पोखराको नयाँबजारस्थित तमु धिंमा एक कार्यक्रमका विच उनलाई नगदसहित फेटा, भांग्रा, प्रमाणपत्रद्वारा गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङ र कर्म तमुले सम्मान गरेका हुन् । कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य गुरुङले प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजका लागि प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले क्यविनेटबाट पास गरीसकेको बताइन् । यसको ऐन बनाएर सुरुवात गर्न मात्र बाकी रहेको उनको भनाई छ ।

# त्रिशुलीमा ...

खुल्नेमा सर्लाही बरहथवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी र भारतको बिहार सीतामणी बर्गिनिया जमुहवाका २८ वर्षीय ऋषि पल साह रहेका छन् । साहको शव आज बिहान ११ बजे र माझीको शव साँझ भेटिएको हो । माझीका बुबा रवीन्द्रकिशोर माझी र साहका दाजुले सनाखत गर्नुभएको प्रहरी जनाएको छ ।


काठमाडौँबाट गौर जान आउँदै गरेको बागमती प्रदेश०३-००१ख २४९५ नम्बरको बसमा सवार रहेका दुवैजनाको शव नारायणी नदीको गाँजीपुर र नवलपुर क्षेत्रमा भेटिएको हो । ती शवलाई भरतपुर अस्पतालको शवगृहमा राखिएको छ । सुरूकै दिनदेखि प्रहरीले बस तथा यात्रुको खोजी गरिरहेको छ तर अँध्यारो भएकाले अहिले साँझदेखि खोजीको काम रोकिएको छ । आइतबार बिहान ७ बजेबाट पुनः काम सुरू गरिने प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो । उहाँकानुसार आइतबार गृहसचिवसहितका सुरक्षा निकाय प्रमुखहरूले घटनास्थलको निरीक्षण गर्ने कार्यक्रम छ । शुक्रबार काठमाडौँबाट गौर आउँदै गरेको बागमती प्रदेश०३-००१ख २४९५ नम्बरको बस र वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०३-००६ख १५१६ नम्बरको बस भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरामा परी त्रिशूलीमा खसेका थिए । काठमाडौँबाट गौर आउँदै गरेको बसमा सवार २७ जना र वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको बसमा सवार २४ जना बेपत्ता भएका थिए ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# गुम्यो प्रचण्डको सत्ता

डेढ वर्षअघि पहिलो पटक झन्डै सतप्रतिशत सांसदको मत पाएका माओवादीका अध्यक्ष पुष्पकमल दाहाल आफ्नो चलायमान प्रवृत्तिका कारण पाँचौं पटकको परीक्षणमा संसद्को विश्वास गुमाएका छन्। प्रतिनिधिसभाको दुई तिहाई मत विपक्षमा हुँदा प्रधानमन्त्रीबाट बाहिरिन परेको छ । २०७९ सालको प्रतिनिधि सभाको निर्वाचन लगत्तै नेकपा (एमाले)सँग गठबन्धन गरेर प्रधानमन्त्री बनेका नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले प्रतिनिधि सभामा विश्वासको मत लिंदा झन्डै दुईतिहाइ मत पाएका थिए । २०७९ पुस २६ मा प्रतिनिधि सभाका २७५ मध्ये २६८ सांसदले विश्वासको मत दिएका थिए। विपक्षमा दुई मत मात्रै परेको थियो । त्यति वेला दाहाल नेपाली कांग्रेससँगको चुनावी गठबन्धन तोडेर एमालेसँगको सहकार्यमा प्रधानमन्त्री बनेका थिए। उनलाई एमाले र माओवादीसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), नेपाल, नागरिक उन्मुक्ति पार्टी (नाउपा) ले समर्थन गरेका थिए। उनीहरू सरकारमै सहभागी भएका थिए ।

त्यति वेला कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) विपक्षमा थिए । चुनावी गठबन्धन तोडेको भए पनि कांग्रेस लगायत विपक्षमा रहेका पार्टीले पनि दाहाललाई विश्वासको मत दिएका थिए । कांग्रेससँगको चुनावी गठबन्धन तोडेर एमालेसँग सत्ता सहकार्य गर्न पुगेका दाहाल धेरै दिन टिक्न सकेनन् । तीन महीना नबित्दै फागुन १२ मा फेरि कांग्रेससँगै सहकार्य गर्न पुगे । राष्ट्रपतिको चुनावमा कांग्रेसका रामचन्द्र पौडेललाई सघाए । त्यसपछि एमाले सरकारबाट बाहिरियो । दाहाललाई दिएको समर्थन फिर्ता लियो । प्रधानमन्त्री दाहालले फेरि विश्वासको मत लिनुपर्ने भयो । उनले २०७९ चैत ६ मा प्रतिनिधि सभाबाट पुनः विश्वासको मत लिए। त्यति वेला उनले १७२ सांसदको समर्थन पाए । विपक्षमा ७९ मत परेको थियो । कांग्रेस, माओवादी, जसपा, लोसपा, एकीकृत समाजवादी र नाउपाले विश्वासको मत दिए भने एमाले लगायत दल विपक्षमा उभिए । कांग्रेससँगको सहकार्य एक वर्ष नपुग्दै फेरि दाहालले सत्ता समीकरण फेरबदल गरे। उनले २०८० फागुन २१ मा कांग्रेससँगको सहकार्य तोडेर एमालेसँग गठबन्धन बनाए। त्यसपछि कांग्रेस सरकारबाट बाहिरियो भने सरकारलाई दिएको समर्थन फिर्ता लियो ।

संविधान अनुसार दाहालले फेरि विश्वासको मत लिनुपर्ने भयो । उनले २०८० चैत १ मा तेस्रो पटक विश्वासको मत लिए । त्यति वेला उनले मुश्किलले विश्वासको मत जुटाउन सके । उनको पक्षमा १५७ मत खस्यो भने विपक्षमा ११० मत पऱ्यो । तीन सांसद अनुपस्थित थिए भने एक जना तटस्थ बसेका थिए । गठबन्धन तोडेका कारण रुष्ट माधवकुमार नेपाल र उपेन्द्र यादवलाई फकाएर विश्वासको मत पाउन सफल भएका थिए। एमालेका ७५, माओवादीका ३२, रास्वपाका २१, जसपाका १२, एकीकृत समाजवादीका १०, नागरिक उन्मुक्तिका चार, आम जनता पार्टीका एक सांसद तथा स्वतन्त्र सांसद अमरेशकुमार सिंह र योगेन्द्र मण्डलले विश्वासको मत दिएका थिए । कांग्रेसका ८७, राप्रपाका १३, जनमतका पाँच, लोसपाका चार र जनमोर्चाका एक सांसदले विपक्षमा मत दिएका थिए। नेपाल मजदूर किसान पार्टीका प्रेम सुवाल तटस्थ बसेका थिए ।

दुई महीना नपुग्दै दाहालले चौथो पटक विश्वासको मत लिनुपर्ने भयो। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव कांग्रेससँगको गठबन्धनमा जान लागेको भन्दै दाहालकै सहयोगमा अशोक राईले जसपा, नेपाल विभाजन गरेर जसपा बनाए । जसपा, नेपालका सात सांसद जसपामा गए । त्यसपछि यादव नेतृत्वको जसपा, नेपाल सरकारबाट बाहिरियो र सरकारलाई दिएको समर्थन फिर्ता लियो। २०८१ जेठ ७ मा फेरि दाहालले चौथो पटक विश्वासको मत लिए। त्यति वेला उनले १५७ मत पाए । सहकारी ठगी प्रकरणमा गृहमन्त्री रवि लामिछानेमाथि छानबिनको माग गरिरहेको कांग्रेस मत विभाजनमा सहभागी भएन । दाहाललाई एमाले, माओवादी, रास्वपा, एकीकृत समाजवादी, जसपा र नाउपाका सांसदले विश्वासको मत दिएका थिए ।

यस पटक भने कांग्रेसले पनि दाहाललाई बोक्न खोजेन। कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले असार १७ मा नयाँ सरकार बनाउने सहमति गरे। जसमा पहिलो चरणमा अध्यक्ष ओली र दोस्रो चरणमा देउवा प्रधानमन्त्री हुने समझदारी कायम गरिएको छ । एमालेसँगै जसपाले पनि समर्थन फिर्ता लिएको थियो । यस पटक भने दाहालले विश्वासको मत जुटाउन सकेनन्। उनले ६३ मत मात्रै पाए। विपक्षमा १९४ मत पऱ्यो। प्रमुख दुई दल कांग्रेस र एमालेसँगै राप्रपा, जसपा, जसपा, नेपाल, लोसपा र जनमत पार्टीले विपक्षमा मतदान गरेका हुन्। २०७९ सालको प्रतिनिधि सभा निर्वाचनपछि झन्डै दुईतिहाइ सांसदको समर्थन पाएका दाहाल यताउता गरिराख्ने आफ्नै प्रवृत्तिका कारण डेढ वर्षपछि संसद्को विश्वास गुमाएर सरकारबाट बाहिरिएका छन् । यस पटक भने उनलाई ठूला मात्रै होइनन्, साना दलले पनि साथ दिएनन् । उनको पक्षमा माओवादी बाहेक दुई दल रास्वपा र एकीकृत समाजवादी मात्रै उभिए । धेरै चलायमान बन्ने प्रबृत्तिले माओवादी ९ बर्षपछि सरकारबाट बाहिरिनु परेको छ । अन्तरिम ब्यवस्थापिका देखि माओवादी सरकारमा छास्थानीय तहदेखि सिंहदरबारको रजगजमा भुलेको माओवादीले आफ्नो गन्तव्य स्पष्ट पारेर मात्र आगामी कदम चाल्नु आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कारागार भवन जीर्ण, पानी चुहिँदा कैदीबन्दीलाई समस्या

**पोखरापत्र संवाददाता**
पर्वत २९ असार

झण्डै चार दशक अघि बनेको पर्वत कारागार भवन मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएको छ । टिनको छाना भएको भवनमा पानी चुहिन थालेपछि कैदीबन्दीलाई समस्या भएको छ ।

लामो समयसम्म टिनको छाना परिवर्तन गर्न नसक्दा खिया लागेर पानी चुहिन थालेको हो । हिउँदमा धेरै समस्या नभए पनि निरन्तरजसो पानी पर्ने वर्षायाममा कैदीबन्दीलाई रात काट्न समस्या परेको छ । छानाबाट पानी चुहिएर ओछ्यान भिज्ने र खाना पकाउन समस्या भएको कैदीबन्दीले गुनासो गरेका छन् । पानी चुहिएर कैदीबन्दी समस्यामा परेको गुनासो आएपछि कारागार कार्यालयले चार त्रिपालले छानो ढाकेको छ । मर्मत गर्न बजेट नभएका कारण त्रिपालले ढाकेको कारागार कार्यालयका सूचना अधिकारी निर्मल पौडेलले जानकारी दिनुभयो । कारागार भवन पुनःनिर्माण गर्नुपर्ने उहाँले बताउनुभयो । कारागारमा पुरुष ब्लकतर्फ बढी समस्या रहेको छ । पुरुष बस्ने भवन मर्मतसम्भार हुन सकेको छैन । क्षमताभन्दा चार गुणा बढी रहेको साँघुरो भवनमा वर्षायाममा पानी चुहिने समस्याले दैनिक जीवनयापनमा समस्या भएको सूचना अधिकारी पौडेलले बताउनुभयो । कारागार भवन पुनःनिर्माण गर्न माग गर्दै आएपनि गृह मन्त्रालय, कारागार व्यवस्थापन विभागलगायतले चासो नदिएको कार्यालयले जनाएको छ । अहिले पर्वत जिल्ला कारागारमा क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी रहेका छन् । पच्चीस कैदीबन्दीको क्षमता रहेको कारागारमा अहिले ९३ जना रहेका छन् । कैदीबन्दीमा तीन महिला र एक नाबालक छन् । क्षमताभन्दा बढी कैदीबन्दी भएपछि तिनको व्यवस्थापन गर्न समस्या भएकबो कारागार कार्यालयका जेलर शिला श्रेष्ठले बताउनुभयो । क्षमताभन्दा बढी कैदीबन्दी राख्दा उनीहरूलाई सुत्न समस्या भएको छ । त्यहाँ शौचालयको समेत समस्या छ ।

# लायन्स रिटर्नी कोरियाको पोखरामा वृहत् वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार




लायन्स क्लब अफ कोरिया रिटर्नीले पोखरामा वृक्षारोपण गरेको छ ।

लायन्स क्लब अफ अन्तराष्ट्रिय ३२५ आई क्लष्टर-२, रिजन-४, जोन-७ अन्तर्गतको क्लबले पोखरा वडा नं १७ स्थित शंकरधाममा तेजपत्ता, चाँप, कल्की र बेगमवली प्रजातिका २५० विरुवाहरु वृक्षारोपण गरेको हो ।

प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १७ की वडाध्यक्ष राधिका शाही योगी, वडा सदस्य विक्रम गुरुङ, लायन्स सचिवालय क्लष्टर-२ की प्रमुख लायन भावना बसेल, रिजन चियर पर्सन लायन जीवन श्रेष्ठ, लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ का जोन चियर पर्सन लायन विपिन सुवेदी, लायन्स क्लब अफ कोरिया रिटर्नीका अध्यक्ष लायन ईश्वरबहादुर केसी, क्लबका पदाधिकारी तथा सदस्यहरुले वृक्षारोपण गरेका हुन् । त्यसैगरी, क्लबले सिद्धार्थ राजमार्गस्थित छोरेपाटन-बिरौटाको डिभाइडरमा बेगमवली प्रजातिका ५५ वटा फूलका विरुवाहरु रोपेको छ।

क्लबका अध्यक्ष लायन ईश्वरबहादुर केसीको अध्यक्षतामा भएको कार्यक्रममा प्रथम उपाध्यक्ष प्रशसन्न पौडेलले स्वागत मन्तव्य रेवतीरमण सुवेदीले कार्यक्रम संचालन गरेका थिए । यसअघि, क्लबको स्थापनाको अवसरमा क्लबले पोखराको मुख्य ३ नाका कुबिन्डे, कोत्रे र हेम्जाको सुइँखेतमा ट्राफिक नियम, लागुऔषध तथा चेलीबेटी बेचविखन न्यूनिकरणका सचेतनामूलक बोर्डहरु राखेको छ ।

वर्षाको समयमा संभावित घट्न सक्ने घटनाका लागि क्लबले उद्दार टोलीको गठन र खाद्यान्न संकलनका लागि फूडबैंकसमेत संचालन गरेको छ । क्लबले उद्दार टोलीको संयोजकमा लायन सर्वोदय ढकाल र फूडबैंकको संयोजकमा एसपी अधिकारी तोकेको छ ।

# कोरला नाकामा भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी २९ असार

मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित चीनको सिमाना कोरला नाकामा गण्डकी प्रदेश सरकारले सुरक्षा निकाय तथा उद्धार केन्द्रको भवन निर्माण गरेको छ ।

पूर्वाधार विकास कार्यालय मुस्ताङले एसवाई प्यानल प्रविधिको छकोठे एकतले भवन निर्माण गरेको हो । कार्यालयका प्रमुख अजय श्रेष्ठले सुरक्षा निकाय र आपत्कालीन अवस्थामा उद्धारका लागि भवन निर्माण गरिएको जानकारी दिनुभयो । “संरचना तयार भइसकेको भवन हस्तान्तरण र फर्निचर व्यवस्थापन भएपछि प्रयोगमा ल्याउन सकिन्छ”, उहाँले भन्नुभयो, “भौगोलिक विकटता, प्रतिकूल वातावरणका बाबजुद काम थालेको एक महिनामै भवन तयार भएको छ ।” समुन्द्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको कोरला नाकाको नेपालतर्फ भवन नहुँदा सुरक्षाकर्मी, भन्सारका कर्मचारी, व्यवसायी र पर्यटकहरुलाई समस्या भएको थियो । भूकम्प प्रतिरोधात्मक र वातावरण अनुकूलित भवनमा भान्सा कोठा, बैठक हल र कार्यालय प्रयोजनका लागि चारवटा कोठा बनाइएको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी घनश्याम रोकाले बताउनुभयो । भवन रु ४० लाख २५ हजार नौ सय ९९ मा निर्माण गरिएको हो । जोमसोम सडक अवरुद्ध, चिसो मौसम र कामदार अभावका कारण निर्धारित मितिमा निर्माण पूरा हुन नसकेको भवनको प्रमुख संरचनाहरु तयार भएको पूर्वाधार विकास कार्यालयका प्राविधिक शतिश पनेरुले बताउनुभयो । कोरला नाकामा नेपाली सुरक्षाकर्मी र भन्सारका कर्मचारीका लागि चीन सरकारले गत कात्तिकमा १० जना अटाउन सक्ने चारवटा कन्टेनर उपलब्ध गराएको थियो ।

# म्याग्दीका दुग्ध कृषक अनुदानबाट वञ्चित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ असार

दूध उत्पादन वृद्धि र कृषकलाई प्रोत्साहन गर्न गण्डकी प्रदेश सरकारले पठाएको अनुदानबाट जिल्लाका कृषक वञ्चित भएका छन् । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कृषकलाई अनुदान वितरण गर्न विनियोजन भएको रकम कार्यविधि प्रक्रिया नमिल्दा बजेट फिर्ता पठाउनुपरेको जनाएको छ ।

दूध उत्पादन गर्ने कृषकलाई प्रतिलिटर रु दुई दशमलव ५० का दरले अनुदान उपलब्ध गराउन प्रदेश सरकारले केन्द्रलाई चालु आर्थिक वर्षका लागि रु २४ लाख बजेट विनियोजन गरेको थियो । अनुदान कार्यक्रमका लागि दोनान, बास्कुना, शुभकामना कृषि र सिमलचौर बीउबिजन कृषि सहकारी संस्थाले केन्द्रमा आवेदन पेस गरेका थिए । शुभकामना कृषि सहकारी संस्थामा आबद्ध कृषकले मात्र रु दुई लाख एक हजार पाँच सय अनुदानबापतको रकम पाएका बेनी नगरपालिका-७ कुरिलाखर्कमा रहेको ढुङ्गाना कृषि तथा पशुपन्क्षी फार्मका सञ्चालक सुरेश ढुङ्गानाले जानकारी दिनुभयो । बाँकी रु २१ लाख ९८ हजार पाँच सय फिर्ता भएको हो । कार्यविधिअनुसार सबै प्रक्रिया पूरा गरेर तोकिएको कागजात पेस गरे पनि कार्यालयका केही कर्मचारीको बेवास्ताका कारण कृषक अनुदानबाट वञ्चित भएका उहाँले गुनासो गर्नुभयो ।

“हरेक चौमासिक रुपमा वितरण गर्नुपर्ने अनुदान कर्मचारी अभाव भएको भन्दै एकै किस्तामा आर्थिक वर्षको अन्तिममा भुक्तानी गर्ने प्रतिबद्धता जनाएका भेटेरिनरी कार्यालयका कर्मचारीले आवको अन्त्यमा बेवास्ता गर्दा अनुदान रकम फिर्ता गएको हो”, ढुङ्गानाले भन्नुभयो, “यही असार २४ गते सम्म भुक्तानी आउने आश्वासन पाएका किसान अनुदानबाट वञ्चित भएका छन् ।” बेनी बजारमा दैनिक एक हजार पाँच सय लिटर दूध आपूर्ति गर्ने ढुङ्गानालगायत १८ जना कृषकले दोभान कृषि सहकारी संस्थामार्फत अनुदानका लागि आवेदन पेस गरेका थिए । दैनिक दुई सय लिटरभन्दा बढी दूध निकासी गर्ने बास्कुना, तातोपानी, बरङ्जा क्षेत्रका कृषकले सिमलचौर कृषि सहकारीमार्फत आवेदन दिएको जनाएका छन् । बेनी-७ का कृषक कृष्णप्रसाद शर्माले विगतका वर्षमा सहज तरिकाले अनुदान पाए पनि यसपाली कर्मचारीले सहयोग नगरेका गुनासो गर्नुभयो । “यसअघिका वर्षमा हामीले पेस गरेका कागज र प्रक्रियाबाट अनुदान पाउने गरेका थियौं । यस वर्ष पनि सोहीअनुसार कार्यालयले मागेका सबै कागजात पेस गरेका हौं”, उहाँले भन्नुभयो, “केन्द्रका कर्मचारीले अनुदान दिने प्रतिबद्धता जनाएर कृषकलाई झुक्काउने र निराश बनाउने काम गरेका छन् ।” केन्द्रका प्रमुख डा भरत रेग्मीले कार्यालयका योजना प्रमुख सुवास रेग्मी नेतृत्वको समितिलाई अनुदान वितरणको जिम्मेवारी दिइएको बताउनुभयो । अनुदानका लागि तोकिएको मापदण्ड र प्रक्रिया पूरा नभएकाले अनुदान उपलब्ध गराउन नसकिएको उहाँको भनाइ छ । “योजना शाखाका प्रमुख, लेखा प्रमुख र एक जना प्राविधिक रहेको समितिले गरेको सिफारिसअनुसार सहकारी संस्था छनोट र अनुदान वितरण भएको हो”, प्रमुख रेग्मीले भन्नुभयो, “जुन सहकारीले कार्यविधि र मापदण्ड पालना गरेका छन्, ती सहकारीमा आबद्ध कृषकले अनुदान पाएका छन् । कार्यविधिअनुसार प्रक्रिया पूरा नभएकाले अन्यले अनुदान नपाएका हुन् ।” केन्द्रका योजना शाखा प्रमुख सुभास रेग्मीले शुभकामना कृषि सहकारी संस्थाले मात्र कृषकबाट दूध सङ्कलन गरेर बजारमा पठाउने र सहकारीको खाताबाट कृषकलाई रकम भुक्तानी गरेको पाइएकाले उक्त सहकारीलाई मात्र अनुदान दिएको बताउनुभयो । “विगतका वर्षमा केकसरी अनुदान रकम उपलब्ध गाएको थियो सोबारे अध्ययन गर्नेछौं”, उहाँले भन्नुभयो “यस वर्षदेखि निश्चित मापदण्ड र कार्यविधि बनाएका छौं । सोहीअनुसार अनुदान दिएका हौं ।”

कृषक भुवन आचार्यले केन्द्रका प्रमुख र योजना शाखा प्रमुख रेग्मीद्वयको भनाइ खण्डन गर्दै केन्द्रका कर्मचारीको बेवास्ताका कारण राज्यले दिएको सुविधाबाट कृषक वञ्चित भएका गुनासो गर्नुभयो ।

# पाइप बगाएपछि बागलुङ बजारमा खानेपानीको समस्या

**पोखरापत्र संवाददाता**
बागलुङ २९ असार

बर्खा लाग्नासाथ बागलुङ बजारवासीलाई खानेपानीको सधै पीरलो हुन्छ। आवश्यकताभन्दा थोरै पानी आउने तथा आएको पानी धमिलो आउने कारण बागलुङ नगरवासी आजित छन् ।

खानेपानी वितरणको जिम्मा पाएको बागलुङ नगरखानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले चार हजार ६ सय धारामा खानेपानी वितरण गर्दै आए पनि पर्याप्त खानेपानी वितरण गर्न सकिरहेको छैन । खानेपानीको मुहानमा बर्खामा भेल पस्ने, पहिरोले खानेपानीको पाइप बगाउने र खानेपानीको आपूर्तिमा आउने प्राविधिक समस्याका कारण हिउँदमा भन्दा बर्खामा खानेपानीको समस्या बढी आउने गरेको छ ।

उपभोक्ता कमल खड्काले जनतालाई शुद्ध पानी चाहिएको बताउँदै जनता खानेपानीको समस्याबाट आजित भएको गुनासो गर्नुभयो । “अहिले खानयोग्य पानी वितरण भएको छैन, नगरपालिकाले खानेपानीको विषयमा ध्यान दिन आवश्यक छ”, उहाँले भन्नुभयो ।

बागलुङ नगरपालिकाले काठेखोला गाउँपालिकाको भुदीखोला मुहान, रेश खोला मुहान र रिठेखोला मुहानबाट खानेपानी आपूर्ति गर्दै आएको भए पनि असार २६ गते खहरेखोलामा आएको बाढीले भुदीखोलाबाट आउने खानेपानीकोपाइपबगाएपछिखानेपानीको झनै समस्या भएको छ । बागलुङ बजारवासीलाई चौबिसै घण्टा खानेपानी उपलब्ध गराउने गरी काठेखोलाको कैलामपोखरीमा निर्माण गरिएको लिफ्ट योजना पाँच वर्षमा सम्पन्न भएको छैन ।

बर्खाको समयमा पानी शुद्धीकरण गरेर पठाउने व्यवस्था गरिए पनि भुदीखोलाको मुहानको पाइप बगाउँदा खानेपानीको अभाव भइरहेको बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कार्यवाहक अध्यक्ष हरिबहादुर जिसीले जानकारी दिनुभयो । “खानेपानीको समस्या छ, हामी स्वीकाछौं, सबै मिलेर काम गर्न आवश्यक छ, खानेपानी शुद्धीकरणका लागि आवश्यक काम भइरहेको छ भने कैलमपोखरी लिफ्ट आयोजना हामीले जतिसक्दो चाँडो सक्न आवश्यक छ”, जिसीले भन्नुभयो, “नगर विकास कोषको सहयोगमा निर्माणको अन्तिम चरणमा आएको लिफ्ट खानेपानी आयोजनाको पाइपलाई पुनः विस्तार गर्न आवश्यक देखिएपछि ढिलाइ भएको छ ।”

# मध्यपहाडी लोकमार्ग पूर्ण रुपमा अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ असार

अविरल वर्षाका कारण पहिरो खस्दा राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । आज बिहान लोकमार्गको गलकोट नगरपालिका-१ झाँक्रीस्थानमा पहिरो खस्दा लोकमार्ग पूर्ण रुपमा अवरुद्ध भएको हो ।

सडक अवरुद्ध हुँदा पश्चिम बागलुङबाट जिल्ला सदरमुकामसम्म सवारीसाधन सञ्चालन हुन सकेका छैनन् । पोखरा, काठमाडौँसहित ठूला सहरबाट बागलुङको बुर्तिबाङसहित रुकुम-पूर्व, जाजरकोट, रुकुम-पश्चिम सञ्चालन हुने सवारीसाधान ठप्प हुँदा यात्री बीच सडकका अलपत्र परेका हुन् ।

प्रहरी र स्थानीयको सक्रियतामा पहिरो पन्छाएर सडक खुलाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिनुभयो ।

वर्षा हुँदा वित्तिकै सडक माथिदेखि लेदोसहितको पहिरो खस्दा लोकमार्गको उक्त खण्ड अवरुद्ध हुँदै आएको उहाँले बताउनुभयो । “लोकमार्ग बिहानैदेखि अवरुद्ध छ, अहिले खुलाउने प्रयास भइरहेको छ। सडक अवरुद्ध हुँदा लामो तथा छोटो दूरीमा सञ्चालन हुने यातायताका साधान ठप्प भएका छन्, यहाँ वर्षा हुँदा वित्तिकै पहिरो खस्ने समस्या भएकाले यात्रीले सास्ती खेप्नुपरेको छ”, प्रहरी उपरीक्षक कँडेलले भन्नुभयो । लोकमार्गको निसीखोला गाउँपालिका-४ कालापैरामा पनि लेदोसहितको पहिरो झर्दा सडक अवरुद्ध हुँदै आएको छ ।

